## नगर कार्यपालिका वैठक, वैठक संख्या २/०७८/०७९

आज मिति २०७८ साल भाद्र १ गते मंगलबार बिहान ८:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

**उपस्थितीः**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडा अध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | अनु. |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | अनु. |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | अनु. |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुरप्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | धरान उपमहानगरपालिका | |

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | प्रेम लामा डा. | का. बा. अध्यक्ष | |
| २. | टेक प्रसाद गुरुङ्ग | का. बा. अध्यक्ष | |
| ३. | मनोज कु. (बि.) | कां. का अध्यक्ष | |
| ४. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

१. बैठकको गणपुरक संख्या र मौन धारण सम्बन्धमाः–

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २७ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षबाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।बैठकको सुरूवातमा मिति २०७८।०४।२२ गते कार्यपालिका सदस्य सुबास राई र मिति २०७८।०४।२१ गते यस उपमहानगरपालिकाको सरसफाई शाखामा कार्यरत सरसफाईकर्मी दिनेश मल्लिक डोमको असामयीक निधन भएकोले नगरपालिका परिवारका सदस्यहरू दुबै मृत आत्माको चीर शान्तिको कामना सहित १ मिनेट मौन धारण गरी बैठकका विषयहरूमा प्रवेश गरियो ।

२. **अघिल्ला बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमाः–**

यस भन्दा अघि मिति २०७८/०४/१७ गते चालु आ. ब. को पहिलो बैठक बसेको र उक्त वैठकबाट ४ वटा निर्णयहरु भएकोमा निर्णय नं. ५ वाहेक अन्य सबै निर्णयहरु कार्यान्वयन भएको पाईयो ।निर्णय ५ को सम्बन्धमा सरोकारवालहरुसँग छलफल भई रहेकाले चाडै कार्यान्वयन हुने वैठकमा जानकारी भयो ।

३. **कोरोना भाइरसको दोस्रो लहर रोकथामको लागी लकडाउन गर्ने सम्बन्धमा :–**

हाल विश्वभरी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस धरानमा पनि समुदाय स्तरमानै फैलिरहेको हुँनाले यसको रोकथामका लागि चेनब्रेक गर्न आवश्यक रहेको र त्यसका लागी लकडाउन गर्नु पर्ने भनी धरान स्थित राजनीतिक दलहरुबाट ज्ञापन पत्र समेत बुझाइएको साथै विज्ञहरुबाट समेत सुझाव प्रास भएकाले मिति २०७८/०४/३२ गते प्रमुख जिल्ला अधिकारी समेतको उपस्थितिमा आयोजना गरिएको सर्वदलीय साथै सरोकारवालहरुको सर्वपक्षीय वैठकबाट समेत उक्त चेनब्रेक गर्नका लागि बढीमा १० दिन लकडाउन गर्न सिफारिस गर्ने भनी निर्णय भएकाले लकडाउन गर्ने विषयमा आजको वैठकमा विस्तृत छलफल गरियो ।सो सम्बन्धमा मिति २०७८।०५।०४ गते देखि २०७८।०५।१३ सम्म १० दिन सम्म लकडाउन गर्ने र लकडाउनका समयमा तपशिल अनुसार खुल्ला र बन्द गर्ने समेत निर्णय गरियो ।

**तपशिल :–**

(क) लकडाउनलाई प्रहरी प्रशासन संग समन्वय र परिचालन गरी १० दिन सम्म कडाईकासाथ लागू गर्ने ।

(ख) लकडाउनलाई कडाईकासाथ कार्यान्वयन गर्न सबै वडाका टोलविकास संस्थाहरू समेत परिचालन गर्ने ।

(ग) लकडाउनको समयमा औषधी पसल र दूरधजन्य पदार्थ (पसल नखोली ) मात्र विक्रि वितरण गर्न पाउने ।

(घ) प्रभाबकारी अनुगमनको ब्यबस्था मिलाउने ।

(ङ) पिसिआर टेष्ट, एन्टीजेन्ट टेष्टलाई बढाउने ।

(च) लकडाउन व्यबस्थापन गर्न उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृत सहित वडा नं. १४,१५,१६ र १७ का वडाध्यक्ष समेत रहनेगरी नगर प्रमुखको संयोजकत्वमा एक समन्वय समिति गठन गर्ने ।

(छ) लकडाउनलाई प्रभावकारी बनाउँन बजार, व्यवसाय र यातायात बन्दका लागि उद्योग वाणिज्य संघ सुनसरी यातायात व्यवसायी मजदुर संघ संगठनहरुसँग समन्वय गर्ने ।

४. **२०७७/०९/०९ गते गठित जलाधार क्षेत्र वाहेकका रोक्का जगगा फुकुवा सिफारिस समितिको प्रतिवेदन सम्बन्धमा :–**

२०७७/०९/०९ गते गठित जलाधार क्षेत्र वाहेकका रोक्का जगगा फुकुवा सिफारिस समितिको प्रतिवेदन आजको वैठकमा पेश भयो । उक्त प्रतिवेदन सबैले अध्ययन गरी अर्को वैठकबाट आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

५. दररेट सम्बन्धमा :–

यस उपमहानगरपालिकाबाट आर्थिक वर्ष ०७८/७९ का लागि आवश्यक विभिन्न निर्माण सामाग्री, अन्य सामाग्री साथै वस्तुहरु र श्रमिकहरुको ज्याला समावेश भएको सम्बन्धित महाशाखाबाट तयार गरिएको नगर दररेट आजको वैठकमा पेश भयो । सो सम्बन्धमा विस्तृत छलफलभै पेश भएको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।स्वीकृत दररेट छुट्टै प्रमाणित गरी राखिने छ ।

६. पुण्य मार्ग लुपको नाम परिवर्तन सम्बन्धमा :–

यस उपमहानगरपालिका वडा नं. १६ को भगवती मार्ग र पुण्य मार्ग जोड्ने सडकको नामाकरण विगतमा पुण्य मार्ग लुप भएकोमा उक्त सडकका उपभोक्ताहरुको मागको आधारमा सम्बन्धित वडा कार्यालयबाट सिफरिस भै आएको साविकको पुण्यमार्ग लुप सडकको मापदण्ड यथावत कायम राखी नामाकरण खुट्टाली मार्ग भनी परिवर्तन गर्ने निर्णय भयो ।

७. विविध ।

क. करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा :–

यस उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयमा र वडा कार्यालयहरुमा समेत साविक देखीनै विभिन्न तह र पदमा करारमा कार्यरत कर्मचारीहरुको सेवा हाल पनि आवश्यक रहेको र हाल सम्म सेवा प्रदान गरिरहेकाले अनुशासनमा कार्वाहि वा नगरपालिकाको हित विपरित कार्य गरेका बाहेक २०७८ साउन १ गते देखी २०७९ असार मसान्त सम्म १ वर्षका लागि करार सेवा अवधी थप गर्ने निर्णय गरियो ।

ख. कानूनी सल्लाहकारको म्याद थप सम्बन्धमा :–

यस उपमहानगरपालिकाबाट अघिल्लो आ.व.मा कानूनी सल्लाहकारको सेवा करारमा लिईएकोमा चालु आ. ब. मा पनि न्यायीक समितिकालागि साथै नगरपालिका विरूद्ध परेका मुद्दाहरूको प्रतिरक्षा गर्न र नगरपालिका वादी भै मुद्दा मामिला गर्नुपर्ने भएमा सो समेत गर्न कानूनी सल्लाहाकारको सेवा आबस्यक रहेकाले अघिल्लो आ.ब. को सेवालाईनै निरन्तरता दिने निर्णय ।

ग. समीक्षा बैठक सम्बन्धमा :–

मिति २०७८।०४।१७ गतेको कार्यपालिका बैठकवाट आ.ब. २०७७।०७८ को प्रगति समीक्षा २०७८।०५।११ गते गर्ने भनीएकोमा उक्त समयमा लकडाउन हुने भएकाले उक्त समीक्षा बैठक २०७८।०५।१८ गते शुक्रबार बस्ने निर्णय गरियो ।

घ. मापदण्ड सम्बन्धमा :–

धरान उपमहानगरपालिकाको भवन तथा योजना मापदण्ड २०५६ लाई परिमार्जन गर्ने क्रममा मठमन्दिर, पुरातात्विक तथा ऐतिहासिक महत्वका क्षेत्रहरूमा हुने मापदण्ड अनुसारनै धरान १४ स्थित विजयपुर क्षेत्रमा मठमन्दिरको वरिपरी ४०० मिटर भित्रमा अंशवण्डा लगायतका बाहेक नगरपालिकाको स्वीकृति नलिई जग्गा प्लटिङ्ग गर्न नपाउने व्यवस्था भएकोमा उक्त ४०० मिटरको मापदण्डले धेरै वडाबासीहरूलाई मार परेकोले संशोधन हुन उक्त क्षेत्रका बासिन्दाको मागको आधारमा वडा कार्यालयवाट समेत सिफारिस भै आएकोमा सो सम्बन्धमा वृहत छलफल गरियो । उक्त क्षेत्र लगायत तत्कालिन विष्णुपादुका गा.वि.स. तथा पाँचकन्या गा.वि.स. समेतको मठमन्दिर वरिपरी कति क्षेत्रमा प्लटिङ्ग गर्न नपाउँने भनी अध्ययन गरी प्रतिवेदन पेशगर्न तपशिल अनुसारको समिति गठन गर्ने र उक्त समितिले सात दिन भित्रमा प्रतिवेदन पेश गर्ने र सो पश्चातको बैठकवाट आबस्यक निर्णय गर्ने निर्णय गरियो ।

(क) श्री कृष्णप्रसाद भट्टराई – १४ नं. वडाध्यक्ष , संयोजक
(ख) श्री मान बहादुर राई – ४ नं. वडाध्यक्ष, सदस्य
(ग) श्री नेत्रप्रसाद काफ्ले – १३ नं. वडाध्यक्ष , सदस्य
(घ) श्री मणिराम राई – २० नं. वडाध्यक्ष, सदस्य
(ङ) श्री अञ्जु श्रेष्ठ – सम्बन्धित महाशाखा प्रमुख, सदस्य सचिव

**ङ. भ्रमण खर्च सम्बन्धमा :–**

यस उपमहानगरपालिकाका पदाधिकारी बाहेक अन्य व्यक्तिहरूलाई कुनै विषयमा डेलिगेशन जानु लैजानु परेमा वडाध्यक्षले पाए सरह दैनिक तथा भ्रमण भत्ता र खानाको बिल अनुसारको रकम भुक्तानि गर्ने निर्णय गरियो ।

**च. सहयोग सम्बन्धमा :–**

यस नगर क्षेत्रका बसोबास गर्ने नागरिकहरू गम्भिर रूपमा विरामी भै उपचारको लागि सहयोग मागभै पर्न आएका निवेदन र विभिन्न प्रकृतिक प्रकोपमा परी राहातकालागि पेश भएका निवेदन साथै सम्बन्धित वडावाट भएको सिफारिसका आधारमा तपशिल अनुसार उपचार सहयोग र राहात उपलब्ध गराउने निर्णय गरियो ।

१. जीवन दीप साँवा, धरान १३, करेन्टलागि घाईते भएकाले उपचार सहयोग रू १५,०००।
२. शम्भु वि.क., धरान ८, उपचार सहयोग रू१५,०००।
३. साङ्गे शेर्पा, विध्युत प्राविधिक कर्मचारी, मोटरसाईकल दुर्घटना उपचार सहयोग रू २५,०००।
४. अर्जुन लिम्बू , धरान १४, क्यान्सर उपचार सहयोग रू २०,०००।
५. सेर बहादुर कामी, धरान १६, खुट्टा मेसिनलेकाटेकाले उपचार सहयोग रू १५,०००।
६. सरस्वती कार्की, धरान-१४, पार्किङ्सन रोगको उपचार सहयोग रु. २०,००० ।
७. हर्कराज चाम्लिङ्ग, धरान-१४ फोक्सो तथा मृगौला सहयोग १५,०००।
८. इश्वरकुमार गर्जा मगर, धरान -४, सुत्केरी श्रीमतीको मृत्यु भएकाले शिशु स्याहार खर्च रु २५,०००।
९. मनिषा शाही, धरान २, आगलागी पिडित राहात रू २५,०००।
१०. जयन राई, धरान २, आगलागी पिडित राहात रू २५,०००।
११. दिपन तामाङ्ग, धरान २, आगलागी पिडित राहात रू २५,०००।
१२. निरज मादेन, धरान २, आगलागी पिडित राहात रू २५,०००।
१३. शशिकला राई, धरान २, आगलागी पिडित राहात रू २५,०००।
१४. कोपीला श्रेष्ठ, धरान २, आगलागी पिडित राहात रू २५,०००।
१५. रञ्जना लिम्बू बुर्जा मगर, धरान २, आगलागी पिडित राहात रू २५,०००।
१६. मदन राई, धरान २, आगलागी पिडित राहातरू २५,०००।

**छ. क्षतीपुर्ती साथै काज किरीया खर्च उपलब्ध गराउँने सम्बन्धमा :–**

यस धरान उपमहानगरपालिकाको सफाईकर्मी पदमा कार्यरत कर्मचारी दिनेश मल्लिक डोम मिति २०७८/०४/२१ गतेका दिन कोरोना भाइरसको कारण मृत्यु भएको र निजलाई यस कार्यालयबाट कोरोना नियन्त्रणका लागि कोरोना पोजेटिभ देखिएका नगरवासीको घरमा डिसईन्फेकसन गर्नलाई समेत खटाइएको हुँदा निजका परिवारलाई क्षतिपुर्ती र किरीया खर्च वापत रु.१०००००( अक्षेरुपी रु एक लाख) दिने निर्णय गरियो ।

आजको वैठक दिउसो १:०० वजे समाप्त भयो ।

वैठकको निर्णय माईनटगर्ने : वरिष्ठ प्रशासकीय अधिकृत ,गणेश प्रसाद खतिवडा ।